# माछापुच्छ्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की

# सूची दर्ता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५।४।२३**

यस गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम संशोधन सहितमा भएको प्रावधान बमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७५/०७६ को व्यवसाय नवीकरण प्रमाणपत्र तथा आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रामाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा निवेदन दिनुहुन र आ.व. २०७४/०७५ मा यस कार्यालयमा सूची दर्ता गरेका तथा आ.व. २०७५/०७६ मा समेत अध्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७३/०७४ को करचुक्ता तथा २०७५/०७६ को व्यवसाय नविकरणको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नियमानुसार निवेदन दिनुहुन सूचित गरिन्छ ।

**तपशिल**

**सम्पादन गर्नुपर्ने कामहरुः**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति गर्ने कार्य।
२. फर्निचर तथा फर्निसिङ सामान आपूर्ति तथा मर्मत गर्ने कार्य।
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन) तथा अन्य इलेक्ट्रोनिक समान आपूर्ति तथा मर्मत गर्ने कार्य।
४. सवारी साधन (जिप, मोटरसाइकल) का पार्टपुर्जा आपूर्ति तथा मर्मत गर्ने कार्य।
५. विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी सेवा ।
६. भवन मर्मत सम्भार तथा निर्माण सम्बन्धी सेवा ।
७. गाउँपालिकाको आवश्यकता अनुसार मल, बिउ, बिजन तथा किटनाशक औषधी आपूर्ति गर्ने कार्य।
८. प्रशासनिक कानुनी तथा निर्माणसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा विभिन्न विषयसँग सम्बन्धित सफ्टवेयर निर्माण, मर्मत तथा आपूर्ति र सूचना प्रविधि सम्बन्धी विभिन्न परामर्श सेवा प्रदान गर्ने ।
९. फलफूलका बिरुवा तथा अन्य बिरुवा लगायतका ब्यबस्थापन सम्बन्धी कार्य गर्ने।
१०. तारजाली, पाइप लगायतका सामाग्री उपलब्ध गराउने कार्य।
११. सडक निर्माण, ग्राभेल तथा कालोपत्र सम्बन्धी कार्य गर्ने।
१२. औषधी तथा अन्य मेडिकल सामाग्री उपलब्ध गराउने कार्य गर्ने।
१३. पशु, स्वास्थ्यसँग सम्बन्धीत बाखा, कुखुराका चल्ला लगायतको आपूर्ति साथै औषधी आपूर्ति लगायतका कार्यहरु गर्ने।
१४. गाउँपालिकाको लागि आवश्यक ढुवानी सम्बन्धी कार्य गर्ने।
१५. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको साथै स्थानीय स्तरमा संचालन हुने तालिम तथा प्रवर्द्धनात्मक कार्य संचालन सम्बन्धी कार्य गर्ने।
१६. व्याकहो लोडर र एक्साभेटर भाडामा उपलब्ध गराउने तथा मर्मत कार्य गर्ने।
१७. घर नक्सा डिजाइन तथा तेस्रो पार्टी सुपरिवेक्षण सम्बन्धी कार्य गर्ने।

**प्रमुख प्रशासकीय अधिकृत**